नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२


पत्र संख्या:-

चलानी नं.:-

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP)
सञ्चालनका लागि स्थानीय तह
छनौटसम्बन्धी आशय पत्र (EoI) आह्वानको सूचना
(सूचना प्रकाशित मितिः- २०८१/११/१५)

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दिगो, उत्थानशील र समावेशी विकासको सिद्धान्तमा आधारित स्थानीय पूर्वाधार विकास तथा सेवा प्रवाहमा स्थानीय तहहरूलाई सहयोग गर्ने उद्देश्यले बेलायत सरकारको आर्थिक सहायतामा सञ्चालित स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) चालु आ.व. (२०८१/०८२) मा कर्णाली प्रदेशका २० र लुम्बिनी प्रदेशका १५ वटा स्थानीय तहहरूमा कार्यान्वयन भइरहेको छ। प्रस्तुत सन्दर्भमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम यस कार्यक्रम अन्तर्गत आगामी आ.व. (२०८२/०८३) मा कर्णाली प्रदेशका ५ (पाँच) र लुम्बिनी प्रदेशका १० (दश) वटा स्थानीय तह गरी थप १५ (पन्ध्र) वटा स्थानीय तहमा समेत कार्यान्वयन गरिने हुँदा चालु आ.व.मा कार्यक्रम कार्यान्वयन भई रहेका स्थानीय तहबाहेकका कर्णाली र लुम्बिनी प्रदेशका कार्यक्रममा सहभागी हुन इच्छुक स्थानीय तहहरूले तल उल्लिखित weblink मार्फत आफ्नो आशयपत्र (Expression of Interest, EoI) २०८१/१२/६ गते भित्र पेस गर्नका लागि यो सूचना आह्वान गरिएको छ।

इच्छुक स्थानीय तहले https://docs.google.com/forms/d/e/1FAIpQLSeNHk-V3fI0x5wRhvhK0kxv_C3s6z4XdJuSnI60U3FlV2AvLA/viewform?usp=header मा रहेको आशय पत्र (EoI) को फाराम (Google Form) मा माग भएबमोजिमका विवरण र कार्यपालिकाको बैठकको निर्णयसहितको प्रतिबद्धता पत्र तथा कागजातहरू पेस गर्नुपर्ने र सोही आधारमा तोकिएका सूचकाङ्कहरू मार्फत मूल्याङ्कन गरी स्थानीय तहहरूको छनौट गरिनेछ।

यस सम्बन्धी थप जानकारीका लागि स्थानीय पूर्वाधार सहयोग कार्यक्रमसम्बन्धी संक्षिप्त विवरण यसैसाथ संलग्न छ। आशयपत्रसम्बन्धी थप जानकारी lisp.eoi2025@gmail.com मार्फत वा तल उल्लिखित सम्पर्क व्यक्तिहरूमार्फत उपलब्ध हुनेछ।

१. इन्जिनियर आशिष कुमार चौधरी, स्थानीय पूर्वाधार सहयोग कार्यक्रम, आयोजना समन्वय इकाई, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, फोनः ९८६९३५३८५८, इमेलः- pcu.lisp@gmail.com
२. उत्सव पन्थी, खरिद तथा सार्वजनिक वित्त व्यवस्थापन प्रमुख, DT Global International Development, UK (LISP का लागि प्राविधिक सहायता प्रदायक), ललितपुर, नेपाल, फोनः ९८५१०७२७३१, इमेलः- utsav.panthi@dt-global.com

# स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सम्बन्धी संक्षिप्त विवरण

## १. पृष्ठभूमि

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) नेपाल सरकार (GoN) र बेलायत सरकारको Foreign, Commonwealth & Development Office (FCDO) बीचको साझेदारी कार्यक्रम हो। नेपाल सरकार र वेलायती सरकारबीच नेपालमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कार्यान्वयनका लागि विक्रम संवत् २०७९ चैत २ गते समझदारी पत्रमा हस्ताक्षर भएको थियो। कार्यक्रमको लागि वेलायत सरकारबाट अधिकतम ९० मिलियन पाउण्ड बजेट संघीय शोधभर्ना विधिमार्फत प्राप्त हुनेछ।

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तर्गत वित्तीय सहायता (FA) का लागि ६६ मिलियन पाउण्ड नेपाल सरकारको कोष प्रणालीअन्तर्गत स्थानीय पूर्वाधार परियोजनाहरूको पूँजीगत खर्चमा प्रयोग गरिनेछ। २० मिलियन पाउण्ड स्थानीय सरकारहरूलाई सुशासन, क्षमता निर्माण, योजना निर्माण, र ईन्जिनियरिङ सहयोग प्रदान गर्नका लागि प्राविधिक सहायता (Technical Assistance) का लागि विनियोजन गरिएको छ। ४ मिलियन पाउण्ड नवीनतम उपायहरूको प्रवर्द्धन, प्रभाव मूल्याङ्कन, र निरन्तर सिकाइ प्रक्रियाको लागि प्रयोग गरिनेछ।

LISP ले नेपालका ८०-१०० स्थानीय तहहरूमा दिगो र समावेशी पूर्वाधार विकास प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। कार्यक्रम कर्णाली, लुम्बिनी, र मधेश प्रदेशमा केन्द्रित रहनेछ।

## २. कार्यक्रमको उद्देश्य र लक्ष्यहरू

क. LISP को माध्यमबाट १.७ मिलियन जनसङ्ख्याले स्थानीय सडक, सिँचाइ, खानेपानी तथा सरसफाइ, र ठोस फोहोर व्यवस्थापन जस्ता पूर्वाधार सेवाहरूमा पहुँच प्राप्त गर्नेछन्।

ख. ८०-१०० स्थानीय तहहरूले योजना निर्माण, बजेटिङ, निर्णय प्रक्रियामा सहभागिता, खर्च व्यवस्थापन, सेवा प्रवाह, तथा स्थानीय पूर्वाधार सेवाहरूको प्रतिवेदन प्रणालीलाई स्थानीय तहका प्राथमिकताका आधारमा (PLGSP को समन्वयमा) सुधार गर्ने क्षमता वृद्धि गर्ने।

ग. नेपालको हरित पुनरुत्थान (Green Recovery) र कोभिड-१९ पुनरुत्थान (COVID-19 Recovery) लाई सहयोग गर्न ६ मिलियन कार्यदिनको रोजगारी सिर्जना अपेक्षा गरिएको छ। यी 'हरित रोजगार' विशेष गरी स्थानीय पूर्वाधारको मर्मत, पुनर्स्थापना, तथा जलवायु पुनरुत्थान (resilience) सुधारका लागि हुनेछन्।

घ. स्थानीय सरकारको योजना निर्माण, लगानी र सेवा प्रवाहमा प्रमाणमा आधारित नीति तथा नवप्रर्वतनको प्रयोगलाई सुधार गर्ने।

ङ. कार्यक्रमले १,८०० जलवायु सहनशील पूर्वाधार परियोजनाहरु निर्माण गर्ने लक्ष्य राखेको छ ।

च. ६३० पूर्वाधार परियोजनाहरू प्रत्यक्ष रूपमा विकट, सीमान्तकृत, र जोखिमयुक्त समुदायहरूलाई सहनशील पूर्वाधार सेवाहरू प्रदान गर्नका लागि पूर्वाधार परियोजनाहरू निर्माण गर्ने ।

छ. प्रदेश र स्थानीय पूर्वाधार लगानीका लागि राष्ट्रिय रूपरेखा (national framework) विकास गर्न सहयोग गर्ने।

ज. स्थानीय, प्रादेशिक र संघीय सरकारहरूबीच समन्वय तथा सहकार्यलाई सुधार गर्न सहयोग गर्ने।

**स्थानीय पूर्वाधार सहयोग कार्यक्रम तीन चरणमा कार्यान्वयन गरिनेछः**

(क) आ.व. २०७९/८० सम्म डिजाइन, सिकाइ, पाइलट, र मुख्य कार्यान्वयनको तयारी चरण।

(ख) आ.व. २०८०/८१ मा संक्रमण/प्रारम्भिक चरण कार्यान्वयन गरी आ.व. २०८१/८२ मा पहिलो मुख्य कार्यान्वयन चरण सुरु गर्ने।

(ग) दोश्रो कार्यान्वयन चरण अघिल्लो चरणको कार्यसम्पादन मूल्याङ्कन पश्चात् आ.व. २०८३/८४ मा सुरु गरिनेछ।

संक्रमण/प्रारम्भिक चरण आ.व. २०८०/८१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (MoFAGA) को नेतृत्वमा तथा विश्व खाद्य कार्यक्रम (WFP) ले मार्च २०२५ सम्म र DT Global UK ले नोभेम्बर २०२४ देखि प्राविधिक सेवा प्रदायकको रूपमा LISP कार्यक्रमको कार्यान्वयन गर्दै आइरहेको छ। पाइलट तथा संक्रमण/प्रारम्भिक चरणमा कर्णाली प्रदेशका २० तथा लुम्बिनी प्रदेशका १५ स्थानीय तहमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कार्यान्वयन भइरहेको छ। हाल कार्यान्वयन भइरहेका स्थानीय तहहरूको छनोट नेपाल सरकार र बेलायती राजदूतावासबीचको सहमतिअनुसार परियोजनाको कार्यढाँचामा उल्लिखित मापदण्डका आधारमा गरिएको थियो।

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तर्गत आर्थिक वर्ष २०८२/८३ का लागि कार्यक्षेत्र विस्तार गर्न लुम्बिनी र कर्णाली प्रदेशका थप १५ स्थानीय तहहरू (लुम्बिनी प्रदेशका १० र कर्णाली प्रदेशका ५ स्थानीय तहहरू) छनोट गर्न स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०८१ बमोजिम यो आशय पत्र प्रकाशित गरिएको छ।

स्थानीय तहहरूले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०८१ को दफा ६ को उपदफा (१) संग सम्बन्धित अनुसूची - १ बमोजिमको, यो आशय पत्रको फारम भरी आफू कार्यक्रम सञ्चालन गर्न इच्छुक तथा प्रतिबद्ध रहेको जानकारी/सूचना दिनुपर्नेछ। इच्छुक स्थानीय तहहरूले उपलब्ध गराइएको यस फारम भरी आवश्यक आर्थिक प्रतिबद्धता पत्र तथा कार्यपालिकाको बैठकको माइन्युटको स्क्यान गरिएको प्रतिलिपि समेत संलग्न गर्नुपर्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

कार्यक्रम सञ्चालनार्थ, स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०८१ को दफा ६ (१) संग सम्बन्धित अनुसूची - १ बमोजिम स्थानीय तहहरूको छनौटका मापदण्ड/सूचकाङ्कहरू:

**(क) स्थानीय तहको इच्छा र प्रतिबद्धता सम्बन्धी सूचकाङ्क/मापदण्डः**

१.स्थानीय तहको इच्छा र प्रतिबद्धता:

(क) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा सहभागितामूलक निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधारसम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने।

(ख) स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारिएका तरिका, साधन, र विधि अवलम्वन गर्ने।

(ग) स्थानीय पूर्वाधार सहयोग कार्यक्रममार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शीर्षकमा समावेश गर्ने।

२. वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सहलगानीको हिस्सा बिनियोजन गर्ने प्रतिबद्धता।

३. पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्ने प्रतिबद्धता।

**(ख) सामाजिक–आर्थिक असमानता/ भिन्नता, बेरोजगारी/गरिबी, जलवायु परिवर्तनको जोखिम तथा स्थानीय तहको सञ्चालन क्षमता र कार्यसम्पादन सम्बन्धी सूचकाङ्क/मापदण्डः**

४. अघिल्लो आर्थिक वर्षको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन मा प्राप्ताङ्क।

५. अघिल्लो आर्थिक वर्षको स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन को प्राप्ताङ्क।

६. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा अघिल्लो आर्थिक वर्षको लागि वित्तीय समानीकरण अनुदानको सिफारिस को लागि मूल्याङ्कन गरिएका स्थानीय तहहरूको कार्यसम्पादन सूचकाङ्कहरूको समग्र सूचकाङ्क।

७. स्थानीय तहहरूको बहुआयामिक असमानता सूचकाङ्क (सामाजिक/आर्थिक र अन्य ६ किसिमका असमानता आयामहरू जस्तै आर्थिक, स्वास्थ्य, शिक्षा, जनसंख्या, जीवनस्तर र जलवायु जोखिम)।

८. स्थानीय तहहरूको समग्र जलवायु परिवर्तन संकटासन्नताको स्तरीकरण।

९. अघिल्लो आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत गाउँ/नगरपालिकाका रोजगार सेवा केन्द्रमा अध्यावधिक गरिएको स्थानीय तहको कुल जनसंख्याको आधारमा पहिचान/ दर्ता भएका बेरोजगारहरूको अनुपात।

१०. सामाजिक-आर्थिक रूपले सीमान्तकृत समुदायहरू जस्तै दलित, जनजाति, थारु, मधेशी, मुस्लिम, जातीय अल्पसंख्यक आदिको बसोबास तथा उपस्थिति सघनता ।

**(ग) पूर्वाधार विकास सम्बन्धी सूचकाङ्कः**

११. खानेपानी सुविधा भएका घरपरिवारको अनुपात (धारा/पाइप जडान भएको - परिसरभित्र वा बाहिर)।

१२. कुल कृषियोग्य जमिनको क्षेत्रफलमध्ये सिँचाइमा पहुँच भएको प्रतिशत।

१३. विद्युतमा पहुँच भएका घरपरिवारहरूको अनुपात (बत्ती बाल्नका लागि सामान्य/ नियमित स्रोत)।

१४. पूर्वाधारसम्बन्धी क्षेत्रगत योजनाहरूको अवस्था (खानेपानी सरसफाइ तथा स्वच्छता योजना र गाउँ/नगर यातायात गुरुयोजना)।

१५. स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना तथा बजेट तर्जुमा गर्ने प्रतिबद्धता।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं